भगवतीमाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख

कर्णाली प्रदेश, नेपाल

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ,दैलेख
कर्णाली प्रदेश,नेपाल

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/१०/२८)

यस भगवतीमाई गाउँपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १ (एक) पद खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०३/२०७८/०७९ | रोजगार सहायक | सहायक पाँचौ | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग. आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,

२. दरखास्त दिने स्थानः- गाउँ कार्यपालिकाको कार्यालय, वेस्तडा, दैलेख ।

३. दरखास्त दिने अन्तिम मितिः- २०७८/११/१३

४. आवेदनको दस्तुरः- रु. ५००। (पाँच सय मात्र)

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क. नागरिकता

ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग. चारित्रिक प्रमाण पत्र

घ. तालिमको प्रमाण पत्र

ङ. अनुभव भए सोको कागजात

च. २ प्रति पासपोर्ट फोटो

७. सेवा सुविधा तथा अन्यः- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ । आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी गाउँपालिकाको वेवसाइटवाट उपलब्ध हुनेछ ।

बखतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner